मिर्चैया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधेश प्रदेश

**मिति २०७९/१०/२६ गते बसेको ५६ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०७९/१०/२६ गते गतेका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |

| | | |
|---|---|---|
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.प्रमुख प्रशासकीय अधिकृत | श्री सुजित कुमार यादब | -सचिब |

**प्रस्ताब न.१. भू उपयोग सम्बन्धि मापदण्ड, २०७९ सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकाको भू उपयोग सम्बन्धि मापदण्ड, २०७९ सर्व सहमतिले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताब न. २.मिर्चैया न.पा को नगरसभाको १० औ अधिवेशन सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकाको नगर सभाको १० औं अधिवेशन मिति २०७९/ ११ /९ गते १० गते राखे र नगरसभाको प्रमुख अतिथिको रुपमा मधेश प्रदेश सरकारको उद्योग, पर्यटन तथा वन मन्त्रालयको माननीय मन्त्री श्री सुनिता यादव ज्युलाई आमन्त्रित गर्ने सर्व सहमतिले निर्णय गरियो ।

**प्रस्ताब न. ३. घर भाडाकोलागि कोठा थप सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकामा भवनको अभाब भइ यस कार्यालय अन्तर्गत रहेका शाखाहरू संचालनमा कठीनाई भइरहेकोले आवश्यक भवन /कोठाहरू आपसि सम्झौताको आधारमा थप कोठा भाडामा लिने साथै यस अघि यस सम्बन्धमा भए गरेको सम्झौतालाई निरन्तरता दिने निर्णय गरियो।

**प्रस्ताब न. ४. ऐन, कानुन, कार्यविधि, मापदण्ड परिमार्जन तथा परित सम्बन्धमा ।**

निर्णय

यस मिचैया नगरपालिकाको लागि आवश्यक रहेको तपसिल बमोजिमको ऐनलाई स्वीकृतिको लागि नगर सभामा पेस गर्ने,तपसिल बमोजिमको कार्यविधि ,मापदण्ड आदि पारित गर्ने र भैरहेको ऐनलाई संशोधनको लागि सिफारिस गर्ने अन्य कार्यविधि, मापदण्ड, प्रतिबेदन संशोधन गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिल

(क) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाको अधिकार सूची अन्तर्गतका देहायका कानुन मस्यौदा (विधेयक)हरु उपर छलफल गरी स्वीकृतीका लागि अगामी नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

(१) मिचैया नगर पालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने बिधेयक , २०७९

(२) स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण बिधेयक, २०७९

(३) मिचैंया नगरपालिकाको विपद जोखिम न्यूनिकरण ऐन, २०७९

(४) आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको बिधेयक, २०७९

(५) कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९

(६) सहकारी विधेयक, २०७९

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४ ले अधिकार दिए अनुसार नगर कार्यपालिकालाई विधिसम्मत रूपमा संचालन गर्न देहायका कार्यविधि स्वीकृति गर्ने निर्णय गरियो

१. टोल विकास संस्था गठन कार्यविधि, २०७९

२. नगरसमा संचालन कार्यविधि, २०७९

३. मेल मिलाप केन्द्र संचालक कार्यविधि, २०७९

४. बारुण यन्त्र संचालन कार्यविधि, २०७९

५. सूचना तथा अभिलेख संचालन कार्यविधि, २०७९

६. विषयगत समिति संचालन कार्यविधि, २०७९

७. सार्वजनिक जवाफदेहीता सम्बन्धि कार्यविधि, २०७९

८.संचित कोषको आ.ले.प.सम्बन्धि कार्यविधि, २०७९

९. मिचैया नगरपालिकाको कार्यसंचालन निर्देशिका, २०७९

१०. मिचैया नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७९

**प्रस्ताव न.५. दरबन्दी स्वीकृति सम्बन्धमा ।**

निर्णय

मिचैंया नगरपालिकाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको संगठन संरचना र दरबन्दि विवरणमा स्थानीय सरकार संचालन, २०४४ को दफा ८ मा उल्लेखित प्रावधान अनुसार पुनराबलोकन तथा परिमार्जनको लागि विज्ञ समुहबाट संगठन तथा व्यवस्थापन सर्भेक्षणको कार्य सम्पन्न गरि प्रतिबेदन प्राप्त भएकोले सो प्रतिवेदन माथि छलफल गर्दा यस नगरपालिकाको हालको जनसंख्या अनुपातलाई मध्येनजर गरि प्रस्तुत संगठन तथा व्यवस्थापन सर्भेक्षणको प्रतिबेदन बमोजिम दरबन्दी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब न. ६.योजना र बजेट संशोधन सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकाको नबौ अधिबेशनबाट पारित भएको योजना शाखाबाट प्रस्तावित २०७९/८० का योजना र बजेट शंसोधनका लागि सिफारिस गर्ने निर्णय गरियो ।